प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा तहका अटोमोवाइल र सर्भे इन्जिनियरिङ कार्यक्रमहरुको नियमित परीक्षा तालीका सम्बन्धी

## अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मितिः२०८१।०८।०७)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयद्वारा मिति २०८१।०७।३० गते गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित परीक्षा आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम परीक्षा आवेदन फाराम भरेका प्रि-डिप्लोमा तहका आंगिक, साझेदार तथा सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र निजी स्तरमा सम्वन्धन/स्वीकृति प्राप्त गरी संचालन भएका शिक्षालयहरुको १८ (१५+३) महिना अवधिका अटोमोवाइल र सर्भे इन्जिनियरिङ कार्यक्रमहरुको **नियमित तथा विशेष छात्रवृत्ति कार्यक्रमको** परीक्षा देहाय अनुसारको परीक्षा तालीका बमोजिम संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१८ महिने (१५ + ३) अवधिका नियमित कार्यक्रमहरु

परीक्षा समय : विहान ८:०० बजे देखि

| Exam Date / Subject | 2081-09-08 | 2081-09-09 | 2081-09-10 | 2081-09-11 | 2081-09-12 | 2081-09-13 | 2081-09-14 | 2081-09-15 |
|---|---|---|---|---|---|---|---|---|
| **Survey Engineering (18 Months-2016) Regular** | Fundamentals of Surveying | Control Surveying | Cadastral Surveying & Land Admin. | Engineering Survey | Entrepreneurship Development | Survey Project Management | Basic Civil Construction | Topographical Survey |
| **Automobile Engineering (18 Months-2016) Regular and Special Scholarship Program** | Workshop Technology | Applied Math | Automotive Technology I | Automotive Technology II | Entrepreneurship Development | | | |

पुनश्च :

१. उपरोक्त कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने प्रशिक्षार्थीहरुका लागि पुनः अर्को व्यवस्था गरिने छैन ।

२. सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा संचालन गरेका बिद्यालयहरुले समेत प्रयोगात्मक परीक्षा सम्बन्धी तालीका परिषद्को सम्बन्धित प्रदेश कार्यालयसँग समन्वय गरी संचालन गर्नु पर्नेछ ।

३. आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तिर्ण प्रशिक्षार्थीहरु बाह्य परीक्षामा संलग्न हुन पाउने छैनन् । यदि यस्ता प्रशिक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी परीक्षामा संलग्न भएमा सो परीक्षा स्वतः रद्ध हुनेछ र यसको जिम्मेवार स्वयम् शिक्षण संस्थाको प्राचार्य हुनेछ ।

४. परिषद्, परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचना विना कुनै अप्रत्याशित विदा पर्न गएमा पनि परीक्षा स्थगित गरिने छैन ।

५. प्रशिक्षार्थीहरुले परीक्षा दिन आउँदा अनिवार्य रुपमा सक्कल प्रवेश पत्र साथमा लिई आउनु पर्नेछ ।

६. यदि परीक्षा तालिकामा विषय जुध्न वा छुट्न गएमा सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क राख्नुपर्नेछ ।

७. प्रयोगात्मक परीक्षा संचालन सम्बन्धी निर्देशिका २०७९ बमोजिम सैद्धान्तिक परीक्षा समाप्त भएको १५ दिन भित्रमा प्रयोगात्मक परीक्षा सम्पन्न गरी सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा प्रप्ताङ्क, हाजिरी लगायत सम्बन्धित शिक्षालयको पत्र सहित अनिवार्यरुपमा बुझाउनु पर्नेछ । सो पश्चात परिषद्, प्रदेश कार्यालयले प्रयोगात्मक परीक्षाको कागजात बुझ्न बाध्य हुने छैन ।

८. **मिति २०८१।०७।३० गते प्रकाशित परीक्षा आवेदन फाराम भर्ने सूचना अनुसार आवेदन फाराम भर्न छुट भएका प्रशिक्षार्थीहरुले मिति २०८१।०८।१४ गते देखि मिति २०८१।०८।२० गते भित्र विलम्ब शुल्कमा आवेदन फाराम भरी शिक्षालयमा बुझाउनु पर्नेछ र शिक्षालयले सोही दिन ITMS Online मा Entry गरी सक्नुपर्नेछ । मिति २०८१।०८।२३ गते भित्र बैङ्कमा विलम्ब शुल्कको रकम जम्मा गरी सम्बन्धित प्रदेश कार्यालयमा प्रशिक्षार्थीहरुको आवेदन फाराम सहित बुझाउनु पर्नेछ ।**

**यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**